Coronavirus CivActs Campaign presents

# FAIR FACTS

CIVIC ACTION TEAMS

अंक
१०६
०५।०२।२०७८



## धुलिखेल नगरपालिका भित्र संक्रमण देखिएका वडामा नगरपालिकाको स्वास्थ्य शाखा स्वाब संकलन गर्दै ।

*तस्विर: रोजन तामाङ*



अस्पतालमा कोरोना संक्रमितका लागि अक्सिजन उपलब्ध गराउन सहसचिवको संयोजकत्वमा कार्यदल गठन । कुनै समस्या भएमा सर्वसाधारणले ०१-४२७१७३०, ०१-४२८६६६० र टोलफ्रि नम्बर ११४० मा सम्पर्क गर्न सक्ने ।

*थप विवरणहरुको लागि यहाँ क्लिक गर्नुहोस्*

## यस अंक भित्र

**महामारीमा महिला तथा बालबालिकामाथी हुने हिंसाको तस्विर**

कोभिड - १९ का कारण ज्यान गुमाउनेको संख्या भन्दा आत्महत्या गर्नेको संख्या करिब ३० गुणाले बढी थियो ।

**कोभिड विरुद्ध खोप लगाउन अनलाईन फारम भर्न सकिने**

खोपको उपलब्धता भए पश्चात प्राप्त विवरण अनुसार व्यवस्थित रुपमा खोप लगाउन सहज होस भनेर सरकारले यो सुविधा ल्याएको हो ।

**कोभिडका सिकिस्त बिरामीलाई सास बाँड्दै अभियानकर्मी**

आपतमा सरकार आफ्नो हुँदैन, अभियानकर्मीहरु मिलेर संक्रमितलाई केही सहायता गर्न सकिन्छ कि भनेर लागेकाछन्।

# फ्याक्ट सिट

## पहिलो पटकको लकडाउनमा हिंसा र आत्महत्याका घटना दर डरलाग्दो तरिकाले बढे । के यो अवस्था फेरी दोहोरिएला?

कोरोनाका कारण नेपालमा पहिलो पटक २०७६ चैत्र ११ गते देखी २०७७ श्रावण १० गते सम्म भएको लकडाउन अवधीमा महिला तथा बालबालिकामाथी भएका हिँसाका घटनाहरु



बलात्कार
गरेका घटना
**७१७**



बलात्कारको प्रयास
गरेका घटना
**१९९**



बहु बिवाहका
घटना
**१२२**



बाल बिवाह
**१७**



बाल यौन दुराचार
सम्बन्धी घटना
**७९**



अप्राकृतिक यौन
सम्बन्ध
**१४**



बोक्सिको
आरोप
**१०**



गर्भ पतनका
घटना
**९**



छुवाछुतका
घटना
**७**



घरेलु हिँसाका
घटना
**१९३१**



आत्महत्या
सम्बन्धी घटना
**१३४३**

**जम्मा घटना**
**४४४८**

माथिको तथ्यांक हेर्ने हो भने, २०७६ चैत्र ११ गते देखी २०७७ श्रावण १० गते सम्म नेपाल सरकारले गरेको लकडाउनको समयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक विरुद्ध जम्मा ४४४८ घटना घटे । जस मध्ये आत्महत्या सम्बन्धी घटनाहरु मात्र १३४३ रहेकाछन् । जब की यही अवधीमा कोभिड - १९ का कारण ज्यान गुमाउनेको संख्या ४५ जना रहेको छ । यो तथ्यांक नेपाल प्रहरीमा दर्ता भएका घटनामा मात्र आधारित छ । अहिले फेरी नेपालका अधिकांस जिल्लामा निशेधाज्ञा जारी छ । यो समयमा पनि यस्ता घटना दोहोरिने सम्भावना प्रवल छ । **२०७८ बैशाख १६ देखी बैशाख २९ सम्म मात्र पनि राष्ट्रिय महिला आयोगमा २२ वटा घरेलु हिंसा र १० वटा महिला विरुद्ध हुने हिंसाका मुद्दा दर्ता भईसकेका छन्** । सरकारले महामारी विरुद्ध लड्ने योजना बनाउँदै गर्दा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक माथि हुने हिंसालाई पनि ध्यान दिन त्यतिकै जरुरी छ ।

Source: https://cid.nepalpolice.gov.np/index.php/cid-wings/women-children-service-directorate

# हल्ला र तथ्य

?

कोभिड विरुद्ध खोप लगाउनका लागि सरकारले आवेदन खुल्ला गरेको छ भन्ने सुनिन्छ नी ? कहिले देखी लगाउन पाउने हो ?

वास्थ्य तथा जनसंख्या मन्त्रालयले १८ वर्ष वा सो भन्दा माथिका व्यक्तिलाई कोभिड - १९ विरुद्धको पहिलो डोज खोपको लागि अनलाइन आवेदन फारम भर्न आग्रह गरेको छ । खोपका लागि www.vaccine.mohp.gov.np मा गएर आवश्यक विवरण भरेर पेश गर्न सकिने व्यवस्था मन्त्रालयले गरेको छ । यो स्वैच्छिक, व्यक्तिगत आवेदन हो । यो फारम भर्ने बितिकै खोप लगाउने सुनिश्चितता भने नभएको मन्त्रालयले जनाएको छ । तर, खोपको उपलब्धता भए पश्चात प्राप्त विवरण अनुसार व्यवस्थित रुपमा खोप लगाउन सहज होस भनेर सरकारले यो सुविधा ल्याएको हो ।

Source: https://vaccine.mohp.gov.np/

?

पहिलो मात्रा चाईनिज खोप लगाएकाले दोस्रो खोप पनि लगाउँदैछन रे । फेरी लकडाउन पनि छ । कहाँ, कसरी र कहिले लाउने हो ?

पहिलो मात्रा भेरोसेल (चाईनिज) खोप लगाएका व्यक्तिलाई २०७८ जेष्ठ २ गते देखी ११ गते सम्म नजिकैको वडाको खोप केन्द्रबाट बिहान १० बजे देखी बेलुका ४ बजे सम्म खोप दिईदैछ । अहिलेको निशेधाज्ञालाई मध्यनजर गरेर खोप लगाउने व्यक्तिले पहिलो मात्रा खोप लगाएको मितिको आधारमा खोप कार्ड लिएर खोप केन्द्रमा जानुपर्नेछ । कसले कुन दिन खोप लगाउन पाउँछ भनेर विस्तृत रुपमा तलको लिंकमा हेर्नुहोस् ।

Source: https://cutt.ly/ibVWVEk

?

अहिले बैकमा ५० हजार भन्दा माथिको मात्र कारोबार हुन्छ भन्ने सुनिन्छ । के थोरै पैसा हुनेले झिक्न र जम्मा गर्न नपाउने हो ?

अहिलेको अवस्थामा जोखिमलाई मध्यनजर गरेर बैंकहरुमा भिडभाड नहोस भनेर बैकर्स संघले केही मापदण्ड बनाएको छ । जस अनुसार आफ्नो खातामा भएको रकम आवश्यकता अनुसार झिक्न सकिने छ, तर जम्मा भने रु. ५० हजार भन्दा बढी रकम मात्र गर्न पाइने छ । त्यसै गरेर, ATM, रकम स्थानान्तरण (Cheque, IPS, RTG), विप्रेषण भुक्तानी, अन्तरराष्ट्रिय व्यापार सम्बन्धी कारोबार भने साविक अनुसार नै सुचारु रहने छ ।

Source: http://nepalbankers.com.np/press-release-30-baishak-2078/

## कोभिड - १९ प्रतिकार्यमा सरकारको

# योजना र कार्यान्वयन

वास्तवमै के कुराले हामीलाई मृत्युको मुखमा पुऱ्याईरहेको छ ? भाईरसले ? वा भ्रष्टाचार, अप्रभावकारी व्यवस्था र इमानदार नेतृत्वको कमीले ?




### बैशाख २२

कोभिड - १९ रोकथाम, नियन्त्रण र उपचारका लागि नेपाल सरकारबाट भएका आदेश र निर्देशनको कार्यान्वयनको दैदिक प्रगति विवरण प्रत्येक दिन **५ बजे** प्रेस विज्ञप्ति जारी गर्ने ।



### बैशाख २२

देखी निरन्तर स्थानीय तहले गाउँटोलमा दैनिक **निसंक्रमण** गर्ने व्यवस्था मिलाउने




देशभरका अक्सिजन उद्योगको **अनुगमन** गरी **पूर्ण क्षमतामा सञ्चालन** गर्ने व्यवस्था मिलाउने ।

### बैशाख २३

### बैशाख २३ देखी

कोभिड अस्पतालहरूमा भएको **कुल बेड संख्या, भरिएका र खाली बेडको संख्या** सम्बन्धी वास्तविक समयको विवरण तत्काल उपलब्ध हुने गरी **वेवसाईटमा राख्ने** र सर्वसाधारणले कुन अस्पतालमा **कुन समयमा कति बेड उपलब्ध छ** हेरेर तत्काल बिरामी लैजान सक्ने व्यवस्थागर्ने ।





### बैशाख २४ सम्म

अस्पतालमा रहेका अक्सिजन प्लाण्टहरु आवश्यक **मर्मत सम्भार गरी सञ्चालनमा** ल्याउने



### बैशाख ३१ सम्म

चीन सरकारबाट अनुदानस्वरुप प्राप्त हुने २० हजार **अक्सिजन सिलिण्डर** मध्ये पहिलो लट ल्याउने (४०० सिलिण्डर आईसकेको)

**कार्यान्वयन नभएको** | **आंशिक रुपमा कार्यान्वयन भएको** | **कार्यान्वयन भएको**

कोभिड - १९ को दोस्रो लहर शुरु भएसँगै सरकारले यस विरुद्ध लड्न द्रुत योजनाहरु बनायो । तर, कार्यान्वयनमा भएको ढिलासुस्ती र त्यसको कुनै प्रभावकारी परिणाम नदेखिनाले भने, आम नागरिकमा निरासा छाएको छ । माथी प्रस्तुत गरिएका ६ वटा योजना मध्ये जम्मा एउटा योजना मात्र कार्यान्वयनमा आएको छ । आफैले बनाएका योजनाको जवाफदेही तरिकाले कार्यान्वयन नहुनु र कार्यान्वयन गर्ने पक्षको व्यवस्थापकिय लापरवाहीका कारण आम नागरिकले दैनिक रुपमा कठिनाईहरू भोग्नु परिरहेको छ । अझै पनि अक्सिजन प्लाण्टहरुको नियमित अनुगमन गरेको र अस्पतालहरूमा कहाँ कती बेड खालि छन् भनेर सार्वजनिक गरेको तथ्यांकले पनि वास्तविक समय अनुसार जानकारी दिँदैन । यो सँगै प्राय नागरिक पाउनुपर्ने सूचनाबाट बञ्चित भइरहेकोले पनि संक्रमितहरूले ज्यान गुमाइरहेकाछन् । के कार्यान्वयन बिनाको योजना बनाउनुमात्र प्रयाप्त हुन्छ ? नतिजा बिनाको अनुगमनको कुनै अर्थ छ ? के सरकारले बनाएका यि योजना कोभिड - १९ विरुद्ध लड्न प्रयाप्त छन् ?

Source: https://cid.nepalpolice.gov.np/index.php/cid-wings/women-children-service-directorate

# श्रमिक साथी

Shramik Sanjal

## मध्यपूर्वमा नेपालबाट जाने श्रमिकलाई अझै रोक

### यूएई:

• आबुधावीमा जुलाई १ देखी ग्रिन जोनबाट आउने यात्रुहरूले क्वारेन्टाईनमा बस्नु पर्ने छैन । ग्रिन जोन हरेक हप्ता अपडेड गरिदै लगिने छ । अहिले नेपाल ग्रिन जोनमा समावेश छैन । आफ्ना नागरीक र कुटनैतिक आयोगका व्यक्ति बाहेक नेपाल लगायत अन्य ४ देशबाट आउने यात्रुहरूलाई बन्द गरेको छ ।

• दुबईमा बाटो तथा मस्जिद छेउ बसेर माग्ने २४ जना व्यक्तिलाई अल राफा प्रहरीले पक्राउ गरेको छ । यसरी सडकमा माग्ने काम गरेमा ५ हजार दिरहाम जरिवाना र ३ महिना जेल सजाय हुने नियम छ ।

### ओमान:

• रात्रिकालीन कर्फ्यू अन्त्य हुनुको साथै अन्य कुराहरू पनि सहज हुने भएका छन् । बस सेवा सञ्चालनमा आउने भएकाछन् । रेष्टुरेन्ट र क्याफेहरू ५०% क्षमताकासाथ सञ्चालन हुनेछन् । तर, जिमखाना, पार्टी हल र स्विमिङ पुलहरू भने अर्को सूचना नआएसम्मको लागि स्थगित नै गरिएको छ ।

• मध्यपूर्वका नेपालीहरूबाट सहयोग र एनआरएनको पहलमा १ करोड ८ लाख २० हजार संकलन गरी ५६० थान अक्सिजन सिलिण्डर मे १५ मा नेपाल आईपुग्यो ।




### कुवेत:

• कुवेतले मे २२ देखी दैनिक १ हजार आप्रवासीलाई कुवेत फर्कन दिने छ । तर, नेपाल, पाकिस्तान, बंगलादेश र श्रिलंकाबाट सिधा उडान भने निषेध नै छ ।

• कुवेत एयर्पोर्टमा क्विक कोभिट टेष्ट बुथ राखिदै छ ।

• सन् २०२० भित्र मात्रै ४,४७,००० जनाको वर्क पर्मिट रद्द गरीएको छ ।

### साउदी अरब:

• १७ मेबाट कोभिड विरुद्धका मापदण्ड पालना गर्दै सबै नाकाहरू खुल्ला गरी आगमनलाई सहज बनाइने छ ।

• १७ मेबाट सबै होटल तथा रेस्टुरेन्ट सेवा खुल्ला गरिने छ । तर, हरेक ७ दिनमा कामदारहरूले पिसिआर परीक्षण गरी नेगेटिभ रिपोर्ट साथमै राख्नु पर्नेछ ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ।

LIVE

# कथा किनाराको

## जो विरामीको लागि अक्सिजन खोज्न दिन रात खटिरहन्छन्

शुशिल केसि कोभिड - १९ का कारण प्रदेश अस्पताल सुर्खेतमा भर्ना भएका थिए । त्यहाँबाट डिस्चार्ज भइसकेपछि म्यासेन्जरको एउटा ग्रुपमा केसिले लेखे, "कोभिडको कारण प्रदेश अस्पतालमा भर्ना भएका विरामीहरू लगायतलाई खानाको समस्या छ । त्यो समाधान गर्न केहि गर्न सकिन्छ कि ?" तत्पश्चात सोहि ग्रुपमा केसिले यसको लागि आफुले रु दुई हजार सहयोग गर्ने पनि वताए । पत्रकार महासंघ सुर्खेत शाखाका उपाध्यक्ष सुदिप पुरीले १ हजार सहयोग गर्ने वताए । त्यस्तो गर्दागर्दै सात हजार रुपैयाँ जम्मा भयो । त्यसपछि सुर्खेतका जुझारु युवाहरुले एउटा अभियान शुरु गरे, "कोभिड - १९ सेल्फ हेल्प ग्रुप" । हाल यो ग्रुपमा ५ जना सदस्य सुदिप पुरी, धर्मराज आचार्य, खगेन्द्र पुरी, मिलन श्रेष्ठ र प्रवासकुमार शाक्य सक्रिय रुपमा लागिरहेका छन् । कोभिडको समयमा आफुलाई जोखिम हुँदाहुँदै पनि उनिहरु सुर्खेतमा अक्सिजनको आपूर्ति गर्न सक्रिय भएका छन् । सुदिप, प्रवास र मिलन पेशाले पत्रकार हुन् भने धर्मराज व्यवसायी र खगेन्द्र वैंकमा कार्यरत छन् ।



आफै कसरी जोगिने भन्ने बेला यस्तो अभियान चलाउनु पक्कै सहज थिएन । तर, सुर्खेतका यी युवाहरुले कोभिडका सिकिस्त बिरामीलाई सास बाँड्ने आँट गरे । सुरुमा सामाजिक सञ्जाल फेसबुकमार्फत "कोभिड संक्रमितका लागि अक्सिजन सिलिण्डर खरिद गर्न मेरो एक हजार' अभियान चलाए । अहिलेको भर्चूअल माध्यमबाट अभियान एकाएक देश-विदेशमा पुग्यो । थुप्रैले चासो देखाए, धमाधम आर्थिक सहयोग जुट्न थाल्यो । अहिले सम्म ८ लाख रकम जम्मा भएको अभियानकर्मीले बताएकाछन् ।



५ दिनसम्म विरामी तथा कुरुवा अनि स्वास्थ्यकर्मीलाई पोषिलो झोलिलो खाना तथा स्वास्थ्यकर्मीलाई खाजा व्यवस्था गरेर शुरु गरिएको यो अभियान् अहिले अक्सिजन सहित सुर्खेतमा खासै प्रयोगमा नआएको एउटा एम्वुलेन्सलाई भाडामा लिएर निशुल्क एम्वुलेन्स सञ्चालन गरिरहेको छ । नयाँ एम्वुलेन्स सञ्चालनको लागि प्रक्रिया अगाडी बढिरहेको छ ।

समुहले आफैं गाडीको प्रवन्ध गरेर नेपालगञ्जबाट अक्सिजनको आपुर्ति गरिरहेको छ । स्वास्थ्यकर्मीहरुको माग अनुसार आवश्यक स्वास्थ्य सामग्री पनि उपलब्ध गराइरहेकाछन् । अभियानकर्मी मध्येका एक खगेन्द्र भन्छन्,

> **"आपतमा सरकार आफ्नो हुँदैन, हामी साथीहरु मिलेर संक्रमितलाई केही सहायता गर्न सकिन्छ कि भनेर लागेका हौं ।"**

अहिले उनीहरुलाई बिरामीको सास जोगाउन भ्याईनभ्याई छ ।

# भोइसेस आउट लाउड - मेरो कुरा

१०० वटा आइसियु लेभलको केयर हामीले कर्णाली प्रदेशमा दिइरहेकाछौँ । यदि संक्रमण दर वढ्दै गयो, हामीले यसलाई रोक्न सकेनौं, सामाजिक अनुशासन (बिवाह, ब्रतबन्ध लगायत) कायम राख्न सकेनौं भने, हामीसँग भएका स्वास्थ्य पूर्वाधारले पुग्दैन् । हामीले कोभिडको दोश्रो लहरबाट धेरै कुरा सिकेकाछौँ । कोभिड विरुद्धको लडाईंमा फ्रन्टलाइनरको रुपमा काम गरिरहँदा आम नागरिकलाई म दुईवटा कुरा प्राथमिकताका साथ पालना गर्न अनुरोध गर्न चाहन्छु । पहिलो, अनुशासनको पालना गरौं र दोश्रो, कोभिडको केहि लक्षण महशुस हुनासाथ परिक्षण गरौं । स्वास्थ्य संरचनासँगै यि दुई कुरामा ध्यान दिएमा कोभिड नियन्त्रण सम्भव छ।

**डा. नवराज केसि**
कर्णाली,
प्रदेश अस्पताल





**पुष्पा भण्डारी**
सवारी चालक,
धनगढी उप-महानगरपालिका सरसफाई विभाग

जबजब लकडाउन हुन्छ अधिकांश क्षेत्रका बन्द हुन्छ, तर हामी भने पहिलेको भन्दा अझ बढी खटिनु पर्दछ । पहिले १२ घण्टा काम गर्नु पर्दथ्यो भने, कोभिड - १९ को संक्रमण बिच २४ सै घण्टा सम्म पनि काममा खटिनु पर्‍यो । हामी सबैको घरदैलो तथा अस्पतालबाट निस्कने फोहोर देखी क्वारेन्टाईन व्यवस्थापनको काम समेत गरिरहेकाछौँ । कोभिडको पहिलो लहर शुरु हुँदा त नगरपालिकाले मास्क र पञ्जा उपलब्ध गराएको थियो तर, पछि भने सुरक्षाका साधन बिना नै हातमा पोलिथिन बाँधेर समेत काम गर्नुपर्‍यो । यसै दौरानमा म पनि संक्रमित हुन पुगे । अहिले कोभिड - १९ को दोस्रो लहर आउँदा पनि अवस्था त्यस्तै छ । तर, जे भएपनि म आफ्नो जिम्मेवारी निस्वार्थ रुपमा निर्वाह गरिरहेकी छुँ ।

# FAIR FACTS

is a product of:

CIVIC ACTION TEAMS

**फेयर फ्याक्ट्स** महामारीको संकट समाधान तर्फको भरपर्दो साथी हो जसले सक्रिय नागरिक, जिम्मेवार नेतृत्व र जवाफदेही निकायलाई एक सुत्रमा जोड्दछ । साथसाथै, कोभिड - १९ सम्बन्धी गलत सूचना र हल्लाले निम्त्याउने समस्यालाई तथ्यमा आधारित जानकारीको माध्यमबाट समाधान गर्न प्रयास गर्दछ । कोरोनाले सृजित जटिल स्वास्थ्य संकट, जनजिविका र सामाजिक असुरक्षा जस्ता अतिनै संवेदनशिल विषयमा छिटो र विश्वसनिय सूचना संकलन गरी व्यवहारिक विश्लेषणको आधारमा समस्याको समाधान खोज्दछ ।

कोभिड - १९ फगत स्वास्थ्यसंग सम्बन्धित संकटमात्र होइन, यसले शासन प्रणालीको जवाफदेहिता नेतृत्वको निष्ठा र सामाजिक मुल्य मान्यतालाई पनि प्रभावित पार्दछ । **Civic Action Team** कोरोना भाईरसलाई परास्त गर्न नसुनिएका किनाराका कथा र आवाजहरुको शक्तिलाई निष्पक्ष, पारदर्शी र न्यायोचित प्रतिकार्यमा उपयोग गर्न कृयाशिल सकृय र सृजनशिल समुदायको साझा मञ्च हो ।



Brought to you by:

accountabilitylab communities

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगाको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

***REACH OUT TO US ON***


@CivicActionTeams

@civacts

@CivActs

Civic Action Teams

/accountability_lab

Email: civactsnp@accountabilitylab.org

Phone: 9851203219